खबर नागरिक
KHABAR NAGARIK अपडेट
E-paper
खबर नागरिकको समाचार हाम्रो

S SQUARE GRAPHICS CREATION
(एस स्क्वायर ग्राफिक क्रिएसन)
Quality Printing with Complete Printing Solution
Siddharthanagar-7, Panch Path, Bhairahawa II Cell.9857022204
Design & Printing
Trophy, Medal, Token of love, ID Card, Bill Pad, Brochure, Color Print, Visiting Card, Badge, Office Printing Stationery, Sticker Print

Khabar Nagarik | खबर नागरिक
२०८३ वैशाख ३ गते बिहीबार (Thursday 16 Mar. 2026)
www.khabarnagarikupdate.com

# मूल्यवृद्धिले निर्माण क्षेत्र धराशायी: काम गर्न नसकिने भन्दै सडकमा उत्रने चेतावनी

**खबर नागरिक**
भैरहवा ।

मध्यपूर्वमा जारी युद्धका कारण पेट्रोलियम पदार्थ र निर्माण सामग्रीमा भएको अप्रत्याशित मूल्यवृद्धिका कारण देशको निर्माण उद्योग ठप्प हुने स्थितिमा पुगेको लुम्बिनी निर्माण व्यवसायी संघ रुपन्देही जनाएको छ।

संघले भैरहवामा पत्रकार सम्मेलन गरी निर्माण क्षेत्रमा 'आपतकाल' घोषणा गर्न र व्यवसायीहरूलाई तत्काल राहत दिन सरकारसँग जोडदार माग गरेको छ।

संघका कार्यवाहक अध्यक्ष प्रितम रौनिआरले डिजेल, पेट्रोल र मट्टितेलसँगै बिटुमिन, सिमेन्ट र डण्डी जस्ता मुख्य निर्माण सामग्रीको मूल्यमा भारी वृद्धि भएको अवस्था हुदाहुदै बजारमा यी सामग्रीको अभाव हुनुका साथै पिक आवरमा क्रसर उद्योगहरूमा देखिएका समस्याले गर्दा देशभरका विकास निर्माणका कामहरू ठप्प हुने अवस्थामा पुगेका जनाए । हामीलाई काम गर्ने कुनै पनि आधारमा वातावरण नभएकोले बाध्यभएर यस्तो निर्णय लिनुपरेको बताए। हामीहरुले जिल्लाको हकमा प्रमुख जिल्ला अधिकारीलाई र निर्वाचित माननीयहरुलाई समस्या समाधान गरि निचोड निकाल्न ज्ञापन पत्र बुझाएका छौ । अध्यक्ष रौनियारले रकमान्तरले भुक्तानीको समस्या, भुक्तानी प्रक्रिया झन्झटिलो र आफु अनुकुल नियम बनाउदा सम्पन्न भएको कामको पनि भुक्तानी सहजै नपाएको गुनासो गर्दै देश व्यापी रुपमा आन्दोलनमा जाने बताए।

संघका बुटवल शाखा अध्यक्ष बुद्धिराज थापाले पछिल्लो समय निर्माण व्यवसायीहरू गम्भीर आर्थिक संकटमा परेको बताउँदै सरकारको बेवास्ताका कारण धेरै आयोजना प्रभावित भएको बताए। उनले लागतअनुसार भुक्तानी नहुँदा व्यवसायीहरू थप संकटमा पुगेकोले तत्काल व्यावहारिक समाधान सरकारले गनुपर्ने माग गरे।

निर्माण व्यवसायी महासंघका प्रदेश उपाध्यक्ष नवराज श्रेष्ठले मुलकभर ८ खर्ब र यो प्रदेशमा ३० अर्ब भन्दा बढि निर्माण व्यवसायीको बक्यौता एकतर्फ छ भने ८० रुपैयामो बिटुमिन १५० रुपैया पुग्दा समेत सोही मुल्यमा काम गर्ने बाध्यतामा पनि सामान नपाइनु दुखद अवस्था रहेको बताए। निर्माण व्यवसायी प्रभावित हुदा देशको सबै क्षेत्रमा प्रभाव पर्ने बताए।




अहिले हामीलाई नाफा घाटा भन्दा पनि व्यवसायीलाई ठूलो आर्थिक भार थपेको काम सक्नु पर्ने लक्ष्य राखेपनि सकिरहेको अवस्था नरहेको उनले भने।




मुल्यबृद्धिको विषयलाई लिएर नेपाल निर्माण व्यवसायी महासंघले पनि सरकारलाई ध्यानाकर्षण गराएको छ । बजारमा निर्माण सामग्रीको मूल्य आकाशिएको छ, तर नेपाल राष्ट्र बैंकको मूल्य सूचकाङ्कले घटेको देखाइदिंदा व्यवसायीहरू थप संकटमा परेको निर्माण व्यवसायीहरुको भनाई छ। यो प्राविधिक त्रुटिले उनीहरुले भने।

महासंघका महासचिव शिवहरि घिमिरेका अनुसार हालै भौतिक पूर्वाधार तथा यातायात मन्त्री सुनिल लम्सालसँग भएको द्विपक्षीय छलफलमा सरकारले मूल्य समायोजनको विषयलाई मन्त्रिपरिषदमार्फत छिट्टै सम्बोधन गर्ने प्रतिबद्धता जनाएको बताए।

मन्त्री लम्सालले मूल्यवृद्धिको समयमा भएका निर्माण कार्यहरूको उचित मूल्याङ्कन गरी मूल्य समायोजन गर्ने र व्यवसायीलाई मर्का पर्न नदिने आश्वासन दिएको महासंघले जनाएको छ।

व्यवसायीहरुले निर्माण क्षेत्रमा तत्काल 'आपतकाल' घोषणा गरी राहत प्याकेज ल्याउनुपर्ने, मूल्य समायोजन मार्ग निर्देशिका-२ तत्काल जारी गर्नुपर्ने, सबै अवधिका ठेक्काहरूको म्याद थप र वैज्ञानिक मूल्य समायोजनको व्यवस्था हुनुपर्ने, नयाँ बोलपत्र दाखिला गर्दा मूल्य समायोजनको प्रावधान अनिवार्य रूपमा लागू हुनुपर्ने माग राखेका छन।

सरकारले प्रतिबद्धता र मागहरु छिटो कार्यान्वयन नगरे निर्माण व्यवसायीहरूले कडा आन्दोलनका कार्यक्रमहरू अघि सार्ने चेतावनी समेत दिएका छन।

